कम्पनीले आफ्नो जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये २% अर्थात रु.१,६०,००,०००/- (अक्षरेपी एक करोड साठी लाख) रकम बराबरको रु.१००/- अंकित दरको १,६०,००० (एक लाख साठी हजार) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात बाँके जिल्लाका स्थानीय बासिन्दाहरुको लागि र जारी पूँजीको १८% अर्थात १४,४०,००० कित्ता साधारण शेयरको १०% अर्थात १,४४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिएको।

आयोजनाबाट प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि छुट्याइएको शेयर बाँडफाँड गरी बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समुहमा थप गरी सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिनेछ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता	दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १६,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ७,२०० कित्ता

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८१/११/०२, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८१/११/०४ तथा विद्युत नियमन आयोगबाट स्वीकृती प्राप्त भएको मिति : २०८०/१०/०८

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

PURE ENERGY LTD पियोर इनर्जी लिमिटेड
Pure Energy Limited

रजिस्ट्रर कार्यालय : काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोक, फोन नं.: ०१-५६७१२००/२०१
इमेल: info@pureenergynepal.com वेवसाइट: www.pureenergynepal.com

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक			पौष मसान्त आ.व. २०८१/८२*	प्रक्षेपित		
	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१		आ.व.०८१/८२	आ.व.०८२/८३	आ.व.०८३/८४
प्रति शेयर नेटवर्थ (रु.)	९८.६०	९९.२७	९६.४५	९६.८२	१०१.४३	११०.६४	१२०.४९
प्रति शेयर आम्दानी (रु.)	(०.३५)	(०.३९)	(२.७५)	०.३८	५.२६	९.२१	९.८६
संचित नाफा/नोक्सान (रु.)	(१९,०६,७९२.६३)	(४१,३७,२६२.३३)	(२,२६,९४,६९६.४४)	(२,०३,४६,३३६.२०)	१,१४,०८,४१४.७५	८,५०,८५,६३६.२६	१६,३९,५५,४०४.६०

* लेखापरिक्षकबाट प्रमाणित पौष मसान्तको अपरिष्कृत वित्तिय विवरण।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला हुने मिति :	२०८१/११/२० गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८१/१२/०५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८१/१२/२० गते (बैंकिङ्ग समय पश्चात्) सम्म

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला हुने मिति :	२०८१/११/२० गते देखि
निष्काशन बन्द हुने मिति :	२०८१/१२/०५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने।

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम करोडमा (रु.)*	प्रति मेगावाट लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.सं.)	अनुमति बहाल रहने मिति	विद्युत उत्पादन अनुमतिको बाँकी अवधी	साधारण लगानी फिर्ता हुने अवधी	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी
सौय पि.भि. विद्युत आयोजना ब्लक-१	(१० मे.वा.)	१२५.४७	१२.५५	२०७७/०९/०२	२१०२/०९/०१	२० वर्ष११ महिना	८.१२ वर्ष	१२.४२ वर्ष
सौर्य पि.भि. विद्युत आयोजना ब्लक-२	(१० मे.वा.)	११७.०६	११.७१	२०७७/०८/२९	२१०२/०८/२८	२० वर्ष ११ महिना		

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था: स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लिमिटेड (Care Ratings Nepal Ltd), काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०५/१३ गते "CARE-NP BB+ (Is) (Double B Plus [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त क्रेडिट रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations in Nepal." भन्ने जनाउँछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।
क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०५/१३ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८२/०४/२०

१. संगठित संस्थाको नाम : पियोर इनर्जी लिमिटेड (Pure Energy Ltd.)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोकमा रहेको छ। सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ।

४. सौर्य विद्युत केन्द्र :

यस कम्पनीको सौर्य विद्युत उत्पादन केन्द्र लुम्बिनी प्रदेश, बाँके जिल्लाको खजुरा गाउँपालिका, वडा.नं ८ मा रहेको छ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. पियोर इनर्जी लिमिटेड सौर्य ऊर्जा उत्पादक कम्पनी हो। पियोर इनर्जी प्राईभेट लिमिटेड नामबाट मिति २०७५/०३/०५ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड (१९२०१८/७४/०७५) कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७९/०३/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृती पत्र अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई पियोर इनर्जी लिमिटेड (२९३६८५/७८/०७९) मा अभिलेख भई कारोबार संचालन गर्दै आएको छ। कम्पनीको स्थायी लेखा नं. ६०६६७८३३७ रहेको छ।

२. यस कम्पनीमा ८ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु विभिन्न प्रतिष्ठित व्यापारिक समुहमा आवद्ध हुनु भएका बहुप्रतिष्ठित व्यक्तित्वहरु हुनुहुन्छ। उहाँहरुको विद्युत, होटल व्यवसाय, टेक्सटाइल्स लगायतका क्षेत्र एवं व्यापार/व्यवसायको साथै, व्यवस्थापन क्षेत्रमा लामो समयदेखि अनुभव रहेको छ।

३. कम्पनीले सौर्य विद्युत आयोजना संचालन तथा विद्युत उत्पादन गर्न नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७७/०९/०२ (अनुमतिपत्र संख्याः वि.वि.वि. ०७७/०७८ वि.उ. ३३३) मा १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-१ को अनुमतिपत्र प्राप्त गरेको थियो र उक्त अनुमतिपत्र मिति २१०२/०९/०१ गते सम्म बहाल रहनेछ।

४. कम्पनीले सौर्य विद्युत आयोजना संचालन तथा विद्युत उत्पादन गर्न नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७७/०८/२९ (अनुमतिपत्र संख्याः वि.वि.वि. ०७७/०७८ वि.उ. ३३२) मा १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-२ को अनुमतिपत्र प्राप्त गरेको थियो र उक्त अनुमतिपत्र मिति २१०२/०८/२८ गते सम्म बहाल रहनेछ।

५. १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-१ र १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-२ को मुख्य संरचनाहरु बाँके जिल्लाको खजुरा गाउँपालिका (साविकको रनियापुर गा.वि.स.) मा २,९१,७५७.१३ वर्ग मिटरमा फैलिएको छ।

६. कम्पनीद्वारा प्रवर्द्धित १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-१ र १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-२ परियोजना मार्फत उत्पादित कुल २० मे.वा. विद्युत खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७८/०८/१२ मा छुट्टाछुट्टै विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भइसकेका छन्।

७. आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण प्रणालीमा जोड्नको लागि आयोजना स्थलको स्विचयाडमा रहेको ६ MVA, 800 V/33 kV को दुईवटा ट्रान्सफर्मर मार्फत १५.४९५ कि.मी.को 33 kV double circuit प्रशारण लाईन प्रयोग गरी कोहलपुर स्थित नेपाल विद्युत प्राधिकरणको कोहलपुर सवस्टेशन मार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

८. कम्पनीले ग्रिडमा आवद्ध आयोजना (ब्लक १ र ब्लक २) बाँकेको संयुक्त ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारण अनुमति मिति २०७९/११/२९ (अनुमतीपत्र संख्याः वि.वि.वि. ०७९/८० वि.प्र. २०७) विद्युत विकास विभागबाट प्राप्त गरेको थियो। उक्त अनुमतीपत्र मिति २१०४/११/२८ सम्म बहाल रहनेछ। आयोजनाको अवधि समाप्त भए पश्चात् आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने छैन। पिपिए र अनुमतिपत्रको अवधि समाप्त भए पश्चात् नयाँ विद्युत खरीद सम्झौता (PPA) तथा उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त गरी सोही स्थान प्रयोग गरी नयाँ सौर्य परियोजना वा अन्य परियोजना संचालन गर्न सकिने।

९. १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-१ बाट मिति २०८०/०९/११ र १० मे.वा. सौर्य PV विद्युत आयोजना ब्लक-२ बाट मिति २०८०/०१/१८ बाट व्यापारिक विद्युत उत्पादन कार्य शुरु गरी भईसकेको छ। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

मिति	विद्युत उत्पादन (KWh)	
	सौर्य PV विद्युत आयोजना ब्लक-१	सौर्य PV विद्युत आयोजना ब्लक-२
बैशाख २०८०	-	८,२५,४१०*
जेठ २०८०	-	१८,५१,७६०
असार २०८०	-	१४,८१,५७०
साउन २०८०	-	१३,५९,०५०
भदौ २०८०	-	११,२८,७५०
असोज २०८०	-	१५,२८,०८०
कात्तिक २०८०	-	१६,३३,४९०
मंसिर २०८०	-	१२,७४,६००
पुस २०८०	५,०६,८९०**	९,६७,८००
माघ २०८०	१०,०३,१८०	९,५१,१००
फागुन २०८०	१७,२७,७५०	१६,७४,३००
चैत्र २०८०	१८,०४,४९०	१७,६४,०००
बैशाख २०८१	१९,३८,३३०	१८,३६,०१०
जेठ २०८१	१९,३५,५९०	१७,६४,८२०
असार २०८१	१५,०८,११०	१४,५९,२७०
साउन २०८१	१५,६२,३७०	१५,५६,८४०
भदौ २०८१	१६,११,०६०	१५,५९,५९०
असोज २०८१	१५,२२,३४०	१४,८३,४२०
कात्तिक २०८१	१३,३४,९२०	१२,५१,९३०
मंसिर २०८१	१४,३०,५९०	१३,६१,८१०
पौष २०८१	१०,९१,०३०	१०,४२,८१०

* आयोजनाको टेस्टिङ्ग कमिसनिङ्ग कार्य पश्चात् परिक्षण उत्पादन गरी नेपाल विद्युत प्राधिकरणको सिस्टममा ९,९१,२५० KWh विद्युत (Non Commercial Energy) उपलब्ध गराई २०८०।०१।१८ लाई व्यापारिक उत्पादन शुरु हुने मिति तोकेपछिको उत्पादन परिमाण।

** आयोजनाको टेस्टिङ्ग कमिसनिङ्ग कार्य पश्चात् परिक्षण उत्पादन शुरु गरी नेपाल विद्युत प्राधिकरणको सिस्टममा ८,४६,०७० KWh विद्युत (Non Commercial Energy) उपलब्ध गराई २०८०।०९।११ लाई व्यापारिक उत्पादन शुरु हुने मिति तोकेपछिको उत्पादन परिमाण।

१०. संगठित संस्थाद्वारा प्रवर्द्धित आयोजनाहरुको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम	सौर्य PV विद्युत आयोजना ब्लक-१	सौर्य PV विद्युत आयोजना ब्लक-२
विद्युत गृह स्थल	खजुरा गाउँपालिका वडा नं ८ बाँके	
श्रोत	सौर्य ऊर्जा	
आयोजनाको किसिम	सोलार PV	
विद्युत उत्पादन अनुमति प्राप्त मिति :	वि.सं. २०७७/०९/०२	वि.सं. २०७७/०८/२९
विद्युत उत्पादन अनुमति वहाल रहने मिति :	वि.सं. २१०२/०९/०१	वि.सं. २१०२/०८/२८
विद्युत प्रसारणको अनुमतीपत्र प्राप्त मिति	वि.सं. २०७९/११/२९	
विद्युत प्रसारणको अनुमतीपत्र वहाल रहने मिति	वि.सं. २१०४/११/२८	
व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति : (कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौता बमोजिम)	वि.सं. २०८०/०२/११	वि.सं. २०८०/०२/११
व्यापारिक उत्पादन शुरु भएको मिति :	वि.सं. २०८०/०९/११	वि.सं. २०८०/०१/१८
क्षमता	१० मे.वा.	१० मे.वा.
आयोजनाको प्रति मेगावाट लागत (रु.)	रु.१२.५५ करोड	रु.११.७१ करोड
आयोजनाको कुल लागत (रु.) (निर्माण अवधिको ब्याज Interest During Construction, (IDC) सहित)	रु.१२५.४७ करोड	रु.११७.०६ करोड
साधारण लगानी फिर्ता हुने अवधी (वर्ष) :	८.५८	
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी (वर्ष) :	१३.५८	
प्रोजेक्ट नेट प्रेजेन्ट भ्यालु Project Net Present Value (NPV) (रु. करोडमा)	१४४.२४	
प्रोजेक्ट इन्टरल रेट अफ रिर्टन Project Internal Rate of Return (IRR)	११.८७%	

प्रोजेक्ट नेट प्रेजेन्ट भ्यालु (Project Net Present Value (NPV), प्रोजेक्ट इन्टरनल रेट अफ रिर्टन (Project Internal Rate of Return (IRR), प्रोजेक्ट साधारण लगानी फिर्ता हुने अवधी (Project Pay Back Period), प्रोजेक्ट डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी (Project Discounted Pay Back Period) को गणना को संक्षिप्त विवरण :

(रु. करोडमा)

विवरण	रकम
कुल आयोजना खर्च (IDC सहित) (रु करोडमा)	२४२.५३
खुद नगद प्रवाह	१७.२२
वर्ष ० मा कुल नगद प्रवाह	२२२.४०*

**नोटः यस आयोजनाको व्यापारिक उत्पादन शुरु भएको मिति (COD) ब्लक-१ को २०८० पुष ११ गते र ब्लक-२ को २०८० बैशाख १८ रहेको हुँदा वर्ष ० को खुद नगद प्रवाहमा कुल परियोजना खर्च तथा त्यस अवधिसम्मको नगद प्रवाहलाई समावेश गरी सबै गणना आ.व. २०८०/८१ लाई वर्ष ० मानी गरिएको छ।*

वर्ष	खुद नगद प्रवाह (परियोजना) (करोडमा)	संचित नगद प्रवाह (करोडमा)	डिस्काउन्ट फ्याक्टर @६.६३%	डिस्काउन्टेड नगद प्रवाह (करोडमा)	संचयी नगद प्रवाह (करोडमा)
०	(२२२.४०)*	(२२२.४०)	१.००००	(२२२.४०)	(२२२.४०)
१	२४.९१	(१९७.४९)	०.९३७८	२३.३६	(१९९.०४)
२	२६.३७	(१७१.१२)	०.८७९६	२३.१९	(१७५.८४)
३	२६.१८	(१४४.९४)	०.८२४९	२१.६०	(१५४.२५)
४	२५.९८	(११८.९६)	०.७७३७	२०.१०	(१३४.१५)
५	२५.७९	(९३.१७)	०.७२५६	१८.७२	(११५.४३)
६	२६.५१	(६६.६६)	०.६८०५	१८.०४	(९७.३९)
७	२६.३१	(४०.३४)	०.६३८२	१६.७९	(८०.६०)
८	२६.०९	(१४.२६)	०.५९८६	१५.६२	(६४.९८)
९	२४.६४	१०.३९	०.५६१४	१३.८३	(५१.१५)
१०	२४.३३	३४.७२	०.५२६५	१२.८१	(३८.३४)
११	२४.०७	५८.७९	०.४९३८	११.८९	(२६.४५)
१२	२३.८०	८२.५९	०.४६३१	११.०२	(१५.४३)
१३	२३.६१	१०६.२०	०.४३४३	१०.२५	(५.१७)
१४	२१.९६	१२८.१६	०.४०७३	८.९५	३.७७
१५	२१.७८	१४९.९४	०.३८२०	८.३२	१२.०९
१६	२१.६१	१७१.५५	०.३५८३	७.७४	१९.८३
१७	२१.४६	१९३.०१	०.३३६०	७.२१	२७.०५
१८	२१.२९	२१४.३०	०.३१५१	६.७१	३३.७५
१९	२१.१४	२३५.४४	०.२९५६	६.२५	४०.००
२०	२०.९६	२५६.४०	०.२७७२	५.८१	४५.८१
२१	१८.६३	२७५.०३	०.२६००	४.८४	५०.६६
२२	३८३.८१	६५८.८४	०.२४३८	९३.५८	१४४.२४

डिस्काउण्ट रेटडिस्काउण्ट रेट	६.६३%
प्रोजेक्ट साधारण लगानी फिर्ता हुने अवधि (वर्ष)	८.५८
प्रोजेक्ट डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्ष)	१३.५८
प्रोजेक्ट इन्टरल रेट अफ रिर्टन (Project Internal Rate of Return (IRR)	११.८७%
प्रोजेक्ट नेट प्रेजेन्ट भ्यालु (Project Net Present Value (NPV) (रु.करोडमा)	१४४.२४
प्रोजेक्ट मुनाफा सूचकांक (Project Profitability Index (PI)	१.६५

इक्विटी नेट प्रेजेन्ट भ्यालु (Equity Net Present Value (NPV), इक्विटी इन्टरनल रेट अफ रिर्टन (Equity Internal Rate of Return (IRR), इक्विटी साधारण लगानी फिर्ता हुने अवधि (Equity Pay Back Period), इक्विटी डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Equity Discounted Pay Back Period) को गणना को संक्षिप्त विवरण :

(रु. करोडमा)

विवरण	रकम
कुल इक्विटी खर्च	६४.००
खुद इक्विटी नगद प्रवाह	२.५८
वर्ष ० मा कुल नगद प्रवाह	६१.४२*

**नोटः यस आयोजनाको व्यापारिक उत्पादन शुरु हुने मिति (COD) ब्लक-१ को २०८० पुष ११ गते र ब्लक-२ को २०८० बैशाख १८ रहेको हुँदा वर्ष ० को खुद नगद प्रवाहमा कुल इक्विटी खर्च तथा त्यस अवधिसम्मको इक्विटी नगद प्रवाहलाई समावेश गरी सबै गणना आ.व. २०८०/८१ लाई वर्ष ० मानी गरिएको छ।*

वर्ष	खुद नगद प्रवाह (परियोजना) (करोडमा)	संचित नगद प्रवाह (करोडमा)	डिस्काउन्ट फ्याक्टर @९.००%	डिस्काउन्टेड नगद प्रवाह (करोडमा)	संचयी नगद प्रवाह (करोडमा)
०	(६१.४२)*	(६१.४२)	१.००००	(६१.४२)	(६१.४२)

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	६४,००,०००	६४,००,००,०००	८०%	शतप्रतिशत
२.	सर्वसाधारण शेयरधनी	१६,००,०००	१६,००,००,०००	२०%	बाँकी
	जम्मा	८०,००,०००	८०,००,००,०००	१००%	

नोटः स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

संस्थापक शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	सौर्य ऊर्जा क्षेत्रको अनुभव	अनुभव (अन्य क्षेत्रको)
१.	श्री अक्षय गोल्याण का.म.न.पा.-१३, काठमाडौं	सञ्चालक अध्यक्ष	३६ वर्ष	नेपाली	४०,९९,५००	६४.०५	एम.बि.ए.	संस्थापना कालदेखि पियोर इनर्जी लि.मा अध्यक्षको रुपमा कार्यारत	● धागो उत्पादनको क्षेत्रमा वि.सं. २०७१ देखि हाल सम्म गरि कुल १० वर्षको अनुभव, उत्पादनमुलक उद्योगमा वि.सं. २०७५ देखि हाल सम्म गरि कुल ६ वर्षको कार्यानुभव, हालका दिनमा अन्तर्राष्ट्रिय स्तरको ५ तारे होटलमा कार्यानुभव, पर्यटन क्षेत्रमा वि.सं. २०७६ देखि हाल सम्म गरि कुल ५ वर्षको कार्यानुभव, कृषिजन्य उद्योगहरुमा वि.सं. २०७८ देखि हाल सम्म गरि कुल ३ वर्षको कार्यानुभव ● सञ्चालक - गोल्याण ग्रुप लि.मा २०७९ देखि हाल सम्म ● प्रबन्ध सञ्चालक (रिलायन्स स्पिनिङ्ग मिल्स लि. (२०७८ देखि हाल सम्म) ● सञ्चालक - सिटी होटल लि. (२०७९ देखि हाल सम्म) ● सञ्चालक - शिवम् प्लाष्टिक इण्डष्ट्रि लि. (२०७८ देखि हाल सम्म)
२.	श्री रेनेर्गो डेभलपर्स प्रा.लि. दिलसाद कौंलोनी, दिल्ली, भारत	शेयरधनी	लागु नहुने	लागु नहुने	२०,००,०००	३१.२५	लागु नहुने।	लागु नहुने	लागु नहुने।
३.	श्री गोल्याण पावर लि. का.म.न.पा.-१३, काठमाडौं	शेयरधनी	लागु नहुने	लागु नहुने	३,००,०००	४.६९	लागु नहुने।	लागु नहुने	लागु नहुने।

अन्य संस्थापकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	सौर्य ऊर्जा क्षेत्रको अनुभव	अनुभव (अन्य क्षेत्रको)
१.	श्री पवन कुमार गोल्याण बिराटनगर-११, मोरङ्ग	शेयरधनी	६८ वर्ष	नेपाली	१००	०.००१५	बि.कम.	उर्जा क्षेत्रमा ४ वर्षको कार्यानुभव	● एनएमबि बैंकको सञ्चालक समितिमा विगत १० वर्ष भन्दा बढी अवधि अध्यक्षको रुपमा कार्यरत ● उत्पादन मुलक उद्योगमा वि.सं. २०४६ देखि हाल सम्म गरि ३५ वर्षको कार्यानुभव ● बैक तथा वित्तीय संस्थामा वि.सं. २०५६ देखि हाल सम्म गरि २५ वर्षको कार्यानुभव ● बीमा कम्पनीमा वि.सं. २०६१ देखि हालसम्म गरि २० वर्षको कार्यानुभव ● होटल तथा पर्यटनमा वि.सं. २०७६ देखि हाल सम्म गरि ५ वर्षको कार्यानुभव ● कृषिजन्य उद्योगहरुमा वि.सं. २०७८ देखि हाल सम्म गरि ३ वर्षको कार्यानुभव ● उर्जा क्षेत्रमा वि.सं. २०७७ देखि हाल सम्म गरि ४ वर्षको कार्यानुभव ● जल विद्युतमा वि.सं. २०७७ देखि हाल सम्म गरि ४ वर्षको कार्यानुभव र विभिन्न सामाजिक संघ संस्थामा आवद्ध रहनुभएको।
२.	श्री बासुदेव गोल्याण बिराटनगर-११, मोरङ्ग	शेयरधनी	६९ वर्ष	नेपाली	१००	०.००१५	आई.कम.	उर्जा क्षेत्रमा ६ महिनाको कार्यानुभव	सञ्चालक - शिवम प्लास्टीक इण्डष्ट्रिज प्रा.लि., काठमाण्डौं (२०७८ देखि हाल सम्म)
३.	श्री सुरभी गोल्याण का.म.न.पा.-१०, काठमाडौं	शेयरधनी	६४ वर्ष	नेपाली	१००	०.००१५	एस.एल.सी.	पियोर इनर्जी लि. मा सञ्चालकको रुपमा कार्यारत	● सञ्चालक - सिटि होटल लिमिटेड (२०८१ को वार्षिक साधारण सभा देखि हाल सम्म) ● सञ्चालक - वेस्टार प्रोपर्टिज लि. (२०७७ देखि हाल सम्म)
४.	श्री कुमुद गोल्याण बिराटनगर-११, मोरङ्ग	शेयरधनी	६४ वर्ष	नेपाली	१००	०.००१५	एस.एल.सी.	उर्जा क्षेत्रमा २ वर्षको कार्यानुभव	● सञ्चालक - वेदा हस्पिटालिटी प्रा.लि. (२०८१ को वार्षिक साधारण सभा देखि हाल सम्म) ● सञ्चालक - वेस्टार प्रोपर्टिज लि. (२०७७ देखि हाल सम्म) ● पूर्व सञ्चालक - मिजु इनर्जी लि. (२०७९ देखि २०८१ सम्म)
५.	श्री शक्ति कुमार गोल्याण का.म.न.पा.-१०, काठमाडौं	शेयरधनी	४६ वर्ष	नेपाली	१००	०.००१५	बि.ए. (अनर्स)	पियोर इनर्जी लि.मा सञ्चालकको रुपमा कार्यारत।	● अध्यक्ष - सिटी होटल लि. (२०७३ देखि हाल सम्म) ● कार्यकारी सञ्चालक - गोल्याण ग्रुप लि. (२०७९ देखि हाल सम्म) ● प्रबन्ध सञ्चालक - ट्राइकट इण्डष्ट्रिज प्रा.लि. (२०४९ देखि हाल सम्म) ● अध्यक्ष - वेष्टार प्रोपर्टिज लि. (२०७७ देखि हाल सम्म) ● सञ्चालक - शिवम् प्लाष्टिक इण्डष्ट्रि लि. (२०७८ देखि हाल सम्म)

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व प्रतिशत	शैक्षिक योग्यता	सौर्य ऊर्जा क्षेत्रको अनुभव	अनुभव (अन्य क्षेत्रको)
१.	श्री अक्षय गोल्याण का.म.न.पा.-१३, काठमाडौं	अध्यक्ष	३६ वर्ष	नेपाली	४०,९९,५००	६४.०५	एम.बि.ए.	संस्थापना कालदेखि पियोर इनर्जी लि. मा अध्यक्षको रुपमा कार्यारत	● धागो उत्पादनको क्षेत्रमा वि.सं. २०७१ देखि हाल सम्म गरि कुल १० वर्षको अनुभव, उत्पादनमुलक उद्योगमा वि.सं. २०७५ देखि हाल सम्म गरि कुल ६ वर्षको कार्यानुभव, हालका दिनमा अन्तर्राष्ट्रिय स्तरको ५ तारे होटलमा कार्यानुभव, पर्यटन क्षेत्रमा वि.सं. २०७६ देखि हाल सम्म गरि कुल ५ वर्षको कार्यानुभव, कृषिजन्य उद्योगहरुमा वि.सं. २०७८ देखि हाल सम्म गरि कुल ३ वर्षको कार्यानुभव ● सञ्चालक - गोल्याण ग्रुप लि. (२०७९ देखि हाल सम्म) ● प्रबन्ध सञ्चालक - रिलायन्स स्पिनिङ्ग मिल्स लि. (२०७८ देखि हाल सम्म) ● सञ्चालक - सिटी होटल लि. ● सञ्चालक - श्री शिवम् प्लाष्टिक इण्डष्ट्रि लि. (२०७८ देखि हाल सम्म)
२.	श्री सुरभी गोल्याण का.म.न.पा.-१०, काठमाडौं	सञ्चालक	६५ वर्ष	नेपाली	१००	०.००१५	एस.एल.सी.	पियोर इनर्जी लि. मा सञ्चालकको रुपमा कार्यारत	● सञ्चालक - सिटि होटल लिमिटेड (२०८१ को वार्षिक साधारण सभा देखि) ● सञ्चालक - वेस्टार प्रोपर्टिज लि. (२०७७ देखि हाल सम्म)
३.	श्री शक्ति कुमार गोल्याण का.म.न.पा.-१०, काठमाडौं	सञ्चालक	४६ वर्ष	नेपाली	१००	०.००१५	बि.ए. (अनर्स)	पियोर इनर्जी लि. मा सञ्चालकको रुपमा कार्यारत	● अध्यक्ष - सिटी होटल लि. (२०७३ देखि हाल सम्म)● कार्यकारी सञ्चालक - गोल्याण ग्रुप लि. (२०७९ देखि हाल सम्म) ● प्रबन्ध सञ्चालक - ट्राइकट इण्डष्ट्रिज प्रा..लि. (२०४९ देखि हाल सम्म) ● अध्यक्ष - वेष्टार प्रोपर्टिज लि. (२०७७ देखि हाल सम्म) ● सञ्चालक - शिवम् प्लाष्टिक इण्डष्ट्रि लि. (२०७८ देखि हाल सम्म)
४.	श्री निशान्त गोयल (प्रतिनिधि रेनेर्गो डेभलपर्स प्रा.लि.), भारत	सञ्चालक	४१ वर्ष	भारतीय	लागु नहुने	लागु नहुने	बि.टेक., एम.बि.ए.	Clean Energy को क्षेत्रमा १४ वर्ष भन्दा बढीको अनुभव	● वरिष्ठ सल्लाहकार, इमर्जेन्ट भेन्चर्स इन्डिया प्रा.लि. (वि.सं. २०६५ देखि वि.सं. २०६९ सम्म) ● नेतृत्व सल्लाहकार, आईटीसी इन्फोटेक (वि.सं. २०६९ देखि वि.स. २०७० सम्म) ● व्यवसाय विकास प्रमुख - इंटीग्रेटेड सस्टेनेबिलिटी सर्भिसेस प्रा.लि. (वि.सं. २०७० देखि हाल सम्म) ● सञ्चालक - रेनेर्गो डेभलपर्स प्रा.लि. (वि.सं. २०७२ देखि हाल सम्म)
५.	श्री मयंक रोहिल्ला (प्रतिनिधि रेनेर्गो डेभलपर्स प्रा.लि.), भारत	सञ्चालक	३९ वर्ष	भारतीय	लागु नहुने	लागु नहुने	बि.ई.	नविकरणीय ऊर्जा तथा Clean Technology को क्षेत्रमा १५ वर्ष भन्दा बढीको अनुभव	● वरिष्ठ सल्लाहकार - नवीकरणीय ऊर्जा परामर्श, इमर्जेन्ट भेन्चर्स (वि.सं. २०६५ देखि वि.सं. २०६९ सम्म) ● उप महाप्रबन्धक - ओरेन्ज रिन्यूएबल (वि.सं. २०६९ देखि वि.सं. २०७२ सम्म) ● सहसंस्थापक - एबिलिटी स्ट्रिट एजुकेशनल प्रा.लि. (वि.सं. २०७९ देखि हाल सम्म) ● सञ्चालक - रेनेर्गो डेभलपर्स प्रा.लि. (वि.सं. २०७२ देखि हाल सम्म)

नोटः हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको। अतः स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँड सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६ अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ।

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१.	श्री प्रवीण अर्याल	प्रमुख कार्यकारी अधिकृत	मेकानिकल इन्जिनियरिङ्ग तथा व्यवस्थापनमा एम.एस.सी.	२०७७ माघ ०२	● जुन १९९८ देखि अगष्ट २००६ - आयोजना प्रबन्धक - नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लि. ● २००६ देखि अक्टोबर २००९ - महाप्रबन्धक - लमजुङ्ग इलेक्ट्रिसिटी डेभलपमेन्ट कम्पनी (LEDCO) ● डिसेम्बर २००८ देखि मार्च २०११ - सञ्चालक समिति - वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र (AEPC), ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय ● नोभेम्बर २००९ देखि जनवरी २०२१ - प्रमुख कार्यकारी अधिकृत - जेड कन्सल्ट प्रा.लि.	सो नभएको
२.	श्री संजय कुमार साह	प्रमुख वित्तीय अधिकृत	चार्टड अकाउन्टेन्ट	२०८० श्रावण ०१	● अप्रिल २००९ देखि सेप्टेम्बर २००९ - सिनियर एक्जिक्युटिभ (अडिट) - जे.सी. भल्ला एण्ड कम्पनी ● अक्टोबर २००९ देखि सेप्टेम्बर २०१२ - प्रबन्धक (वित्त तथा लेखा) - LANCO ● सेप्टेम्बर २०१२ देखि अप्रिल २०१३ - सह प्रबन्धक (वित्त) - एच.सि.एल. टेक्नोलोजिज ● अप्रिल २०१३ देखि जुन २०१४ - प्रबन्धक (वित्त तथा लेखा) - डि.एल.एफ. लिमिटेड ● जुन २०१४ देखि जनवरी २०१७ - सहायक महाप्रबन्धक - माइक्रोम्याक्स इन्फर्म्याटिक्स लि. ● फेब्रुअरी २०१७ देखि जुन २०१७ - प्रमुख कार्यकारी अधिकृत - साह एण्ड साह कन्सल्ट्यान्सी प्रा.लि. ● जुन २०१७ देखि जनवरी २०२१ - प्रमुख वित्तीय अधिकृत - वर्ल्डलिङ्क कम्युनिकेसन्स ● जुन २०१९ देखि जुलाई २०२३ - कम्पनी सचिव - वर्ल्डलिङ्क कम्युनिकेसन्स ● फेब्रुअरी २०२१ देखि जुलाई २०२३ - ग्रुप प्रमुख वित्तीय अधिकृत - वर्ल्डलिङ्क कम्युनिकेसन्स वर्ल्डलिङ्क ● अगस्ट २०२१ देखि जुलाई २०२३ - सञ्चालक समिति सदस्य - खल्ती	सो नभएको
३.	श्री जितेन्द्र तिवारी	आयोजना प्रबन्धक	बि.ई. ईलेक्ट्रिकल इन्जिनियरिङ्ग	२०८० पौष ०१	● सेप्टेम्बर २००८ देखि अक्टोबर २०११ - लाईटिङ्ग तथा मेन्टेनेन्स सुपरभाईजर - कतार केमिकल कम्पनी ● सेप्टेम्बर २०१६ देखि अगष्ट २०१९ - आयोजना ईन्जिनियर - हिमाल रेफ्रिजेरेषन एण्ड इलेक्ट्रिकल इण्डष्ट्रिज प्रा.लि. ● सेप्टेम्बर २०१९ देखि मे २०२२ - इलेक्ट्रिकल इन्जिनियर - ए.टु.जेड. इन्फ्रा ईन्जिनियरिङ लि. ● अप्रिल २०२२ देखि डिसेम्बर २०२३ आयोजना प्रबन्धक - जि.आई. सोलार. प्रा.लि.	सो नभएको

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७(३) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

संस्थापक समुमुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	३ जना
सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालक	१ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	५ जना

नोटः हाल यस कम्पनीमा संस्थापक समूहबाट मनोनित वा निर्वाचित ५ जना सञ्चालकहरू रहेको र सर्वसाधारणमा शेयर निष्काशन गरे पश्चातको पहिलो साधारणसभामा सर्वसाधारण समूहका शेयरधनीहरूबाट १ जना तथा स्वतन्त्रबाट १ जना गरी २ जना सञ्चालक नियुक्त गरिने छ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात *(रकम रु. मा)*

विवरण	वास्तविक			*पौष मसान्त आ.व. २०८१/८२	प्रक्षेपित		
	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१		आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
सम्पत्ति							
गैर चालु सम्पत्ति							
सम्पत्ति, प्लान्ट र उपकरण	६९,२८,६५,७६४.३३	२,०५,६१,१४,१४४.९८	२,१९,२१,४८,०२३.०७	२,१४,६१,७६,०९८.८१	२,०९,३९,५९,६५२.३८	१,९९,५७,५४,८८८.९१	१,८९,७५,३४,६१५.९४
अमुर्त सम्पत्ति	-	५३,८७,७०६.७३	४८,११,३५४.७५	४५,२३,९६८.२८	४२,३५,००२.७७	३६,५८,६५०.७९	३०,८२,२९८.८१
सम्पत्ति प्रयोगको अधिकार	-	१४,४८,०३,१३३.७०	१३,८९,२६,८७८.३६	१३,६०,०४,८०६.०३	१३,३०,६६,६७८.३६	१२,७२,०६,४७८.३६	१२,१३,४६,२७८.३६
अन्य सम्पत्ति	७,८१,९५,५९२.८७	१२,२०,८४,४८५.१०	३०,२८,६२४.६५	२२,१५,३०५.८६	-	-	-
लगानी	-	-	-	-	२,६०,००,०००.००	४,५०,००,०००.००	११,५०,००,०००.००
जम्मा गैर चालु सम्पत्ति	७७,१०,६१,३५७.२०	२,३२,८३,८९,४७०.५१	२,३३,८९,१४,८८०.८३	२,२८,८९,२०,१७८.९९	२,२५,७२,६१,३३३.५१	२,१७,१६,२०,०१८.०५	२,१३,६९,६३,१९३.११

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।

१. प्रक्षेपित आ.व.मा संगठित संस्थाले विद्युत बिक्रीबाट निम्नानुसार आम्दानी गर्ने अनुमान गरेको छ।

क्र.सं.	महिना	दिन	Monthly Contract Energy (in Kwh) for 10 Mw	युनित दर	सौर्य PV विद्युत आयोजना ब्लक-१			सौर्य PV विद्युत आयोजना ब्लक-२		
					आ.व.२०८१/८२*	आ.व.२०८२/८३	आ.व.२०८३/८४	आ.व.२०८१/८२*	आ.व.२०८२/८३	आ.व.२०८३/८४
१.	श्रावण	३१	१४,०३,४६३	७.३	१,०५,७५,७७३	१,०१,९४,०५४	१,०१,४२,८२७	१,०५,७५,७७३	१,०१,४२,८२७	१,००,९१,६०१
२.	भाद्र	३१	१५,२६,१७९	७.३	१,१७,६०,७३८	१,१०,८५,४०१	१,१०,२९,६९६	१,१३,८५,००७	१,१०,२९,६९६	१,०९,७३,९९०
३.	असोज	३१	१६,९०,८९३	७.३	१,११,१३,०८२	१,२२,८१,८०१	१,२२,२०,०८४	१,०८,२८,९६६	१,२२,२०,०८४	१,२१,५८,३६६
४.	कार्तिक	३०	१७,५०,८२४	७.३	९४,३८,३८५	१,२७,१७,११०	१,२६,५३,२०५	९०,२०,६४३	१,२६,५३,२०५	१,२५,८९,३००
५.	मंसिर	२९	१६,३२,२८९	७.३	१,०४,४३,३०७	१,१८,५६,१३१	१,१७,९६,५५३	९९,४१,२१३	१,१७,९६,५५३	१,१७,३६,९७४
६.	पौष	३०	१५,३६,७१०	७.३	७९,६४,५१९	१,११,०५,८०३	१,१०,४९,७१३	७६,१२,५१३	१,११,०५,८०३	१,१०,४९,७१३
७.	माघ	२९	१५,३०,६४०	७.३	१,११,१७,८०४	१,१०,६१,९३५	१,१०,०६,०६७	१,११,१७,८०४	१,१०,६१,९३५	१,१०,०६,०६७
८.	फाल्गुण	३०	१९,०८,१४४	७.३	१,३८,५९,८०४	१,३७,९०,१५७	१,३७,२०,५०९	१,३८,५९,८०४	१,३७,९०,१५७	१,३७,२०,५०९
९.	चैत्र	३०	२०,२१,६१२	७.३	१,४६,८३,९७९	१,४६,१०,१९०	१,४५,३६,४०१	१,४६,८३,९७९	१,४६,१०,१९०	१,४५,३६,४०१
१०.	बैशाख	३१	२०,२०,९७२	७.३	१,५२,६६,५०३	१,४६,०५,५६५	१,४५,३१,७९९	१,५१,८९,७८७	१,४५,३१,७९९	१,४४,५८,०३४
११.	जेष्ठ	३१	१७,५४,५५७	७.३	१,३२,५३,९९४	१,२६,८०,१८३	१,२६,१६,१४२	१,३१,८७,३९१	१,२६,१६,१४२	१,२५,५२,१०१
१२.	असार	३२	१४,५८,४९५	७.३	१,१०,१७,५३०	१,०५,४०,५४३	१,०४,८७,३०८	१,०९,६२,१६५	१,०४,८७,३०८	१,०४,३४,०७३
			२,०२,३४,७७८		१४,०४,९५,४१७	१४,६५,२८,८७४	१४,५७,९०,३०४	१३,८३,६५,०४४	१४,६०,४५,६९९	१४,५३,०७,१२९

*नोट : *आ.व. २०८१/८२ को लागि पौष मसान्त सम्मको वास्तविक विद्युत आम्दानी समावेश गरिएको बाकी महिनाहरुमा विद्युत खरीद बिक्रि सम्झौता अनुसार समावेश गरिएको छ। साथै बैशाख, जेष्ठ र असारमा अधिक विद्युत उत्पादन हुने भएकाले सो वर्षको उक्त महिनाहरुमा समायोजन गरिएको छ। अन्य वर्षहरुको लागि Contract Energy को तुलनामा कुनै महिनामा बढि र कुनै महिनामा कम विद्युत उत्पादन भएता पनि समग्रमा वार्षिक उत्पादन Annual Contract Energy बराबर नै रहने अनुमान गरेको छ। साथै विद्युत खरीद बिक्री सम्झौताको पृष्ठ २२ को दफा ३८.१८ अनुसार यस आयोजनाले व्यापारिक उत्पादन भएको दुई वर्षपछि Contract Energy Table लाई संशोधन गर्ने प्रावधान रहेकोले आगामी वर्षहरुमा कुल Contract Energy नबढ्ने गरि महिनाहरु बिच विद्युत उत्पादन संख्यालाई संशोधन गरिने भएकोले आगामी वर्षहरुमा Contract Energy को पूर्ण मात्रामा विद्युत उत्पादन हुने प्रक्षेपण गरिएको छ।*

२. ऋण भुक्तानी (Loan repayment) तालिका निम्नानुसार रहने प्रक्षेपण गरिएको छ।

आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
२१,७९,७७,६६०*	१३,१४,६९,४२४	१०,६४,६२,९८४

* प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त रकम समेत गरी।

३. प्रत्यक्ष खर्चमा प्रत्येक वर्ष ३% का दरले वृद्धि हुने अनुमान गरिएको छ।
४. प्रत्यक वर्ष सोलार प्यानलको कार्यक्षमता ०.५०% ले घट्दै जाने अनुमान गरिएको छ।
५. संगठित संस्थाको इक्विटिको लागत ९% र भारित औसत पूँजी लागत ६.६३ % रहने अनुमान गरिएको छ।
६. प्रशाासनिक खर्च (बोनश बाहेक) मा प्रत्येक वर्ष ३% का दरले वृद्धि हुने अनुमान गरिएको छ।
७. विद्युत ऐन २०४९ बमोजिम कम्पनीले प्रत्येक वर्ष २% बोनस वितरण गर्नेछ।
८. कम्पनीले हाल रु.१६,००,००,०००/- को शेयर निष्काशन गर्न लागेको छ र सो पश्चात् संस्थापक शेयर समेत गरी कुल शेयर पूँजी रु.८०,००,००,०००/- हुनेछ।
९. कम्पनीले आ.व. २०८१/८२ देखि अधिक नगद प्रवाहलाई अन्य लाभकारी परियोजनाहरुको पहिचान तथा विश्लेषण गरी सोमा लगानी गर्ने।
१०. शेयर निष्काशनबाट प्राप्त हुने रकम आयोजना निर्माणमा भएको दायित्व तथा ऋण र सार्वजनिक निष्काशनको क्रममा हुने खर्च भुक्तानी गर्नमा खर्च गरिनेछ।
११. आयोजनाको ह्रासकट्टी आयोजनाको अनुमानित सञ्चालन देखि लाइसेन्स अवधीसम्ममा Straight Line Method (SLM) मा गरिएको छ। साथै, अन्य सम्पत्तिको हकमा ह्रासकट्टी प्रचलित कानून अनुसार गरिएको छ।
१२. सौर्य पि.भि. विद्युत आयोजना ब्लक-१ आयोजना वि.सं. २०८०/०९/११ देखि र ब्लक-२ आयोजना वि.सं. २०८०/०१/१८ देखि व्यापारिक उत्पादन सुरु गरेको।
१३. लगानी तालिका निम्नानुसार रहने प्रक्षेपण गरिएको छ।

आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
२,६०,००,०००	१,९०,००,०००	७,००,००,०००

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३	आ.व.०८३/८४
चुक्ता पूँजी (रु.)	९,४४,५०,०००.००	५०,००,५०,०००.००	६४,००,००,०००.००	८०,००,००,०००.००	८०,००,००,०००.००	८०,००,००,०००.००
अग्रिम शेयर पूँजी (रु.)	४,१७,२३,४२५.८१	६,८२,९३,४२५.८१	-	-	-	-
जगेडा तथा कोषहरु (रु.)	(१९,०६,७९२.६३)	(४१,३७,२६२.३३)	(२,२६,९४,६९६.४४)	१,१४,०८,४१४.७५	८,५०,८५,६३६.२६	१६,३९,५५,४०४.६०
जम्मा	१३,४२,६६,६३३.१८	५६,४२,०६,१६३.४८	६१,७३,०५,३०३.५६	८१,१४,०८,४१४.७५	८८,५०,८५,६३६.२६	९६,३९,५५,४०४.६०
अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
जम्मा नेटवोर्थ (रु.)	१३,४२,६६,६३३.१८	५६,४२,०६,१६३.४८	६१,७३,०५,३०३.५६	८१,१४,०८,४१४.७५	८८,५०,८५,६३६.२६	९६,३९,५५,४०४.६०
शेयर संख्या #	१३,६१,७३४.००	५६,८३,४३४.००	६४,००,०००.००	८०,००,०००.००	८०,००,०००.००	८०,००,०००.००
खुद नाफा/(नोक्सान) (रु.)	(४,७०,६१२.८८)	(२२,३०,४६९.७०)	(१,७५,८०,२४६.८७)	४,२१,०३,१११.२२	७,३६,७७,२२१.५१	७,८८,६९,७६८.३४
प्रति शेयर नेटवोर्थ (रु.)	९८.६०	९९.२७	९६.४५	१०१.४३	११०.६४	१२०.४९
प्रति शेयर आम्दानी (रु.)	(०.३५)	(०.३९)	(२.७५)	५.२६	९.२१	९.८६
नेटवर्थमा प्रतिफल (%)	(०.३५)	(०.४०)	(२.८५)	५.१९	८.३२	८.१८
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००

घ अग्रिम शेयर पूँजीको लागि समतुल्य शेयर संख्या सहित।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (१.२०%)

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी चार्टर्ड एकाउण्टेन्ट साह अरुण एण्ड एसोसिएट्सबाट प्रमाणित गरिएको छ।

१४. सकारात्मक पक्षहरु :

१. जलविद्युतको तुलनामा प्राकृतिक प्रकोपको जस्तैः पहिरोको जोखिम कम रहेको।
२. सौर्य ऊर्जाले अन्य हाइड्रोपावरको तुलनामा निर्माण तथा संचालनको क्रममा पर्यावरणलाई कम असर पार्दछ।
३. सौर्य ऊर्जा प्लान्टलाई एक पटक स्थापना गरिसकेपछि यसको संचालन र मर्मत लागत कम लाग्छ यसले गर्दा लामो समयसम्म प्रभावकारी हुन्छ।
४. सौर्य ऊर्जा एक नवीकरणीय र दिगो ऊर्जाको स्रोत हो, जसले सूर्यबाट ऊर्जा निकाल्छ जुन प्रचुर मात्रामा उपलब्ध रहेको छ।
५. सौर्य परियोजनाको अदृष्य फाइदा भनेको परियोजनालाई आवश्यकता अनुरुप स्थान्तरण गर्न सक्नु नै हो।
६. कम्पनीको विद्युत खरीद सम्झौता (PPA) तथा उत्पादन अनुमतिपत्र (Generation License) मा नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने शर्त नतोकिएको र सौर्य शक्ति (Solar Power) बाट विद्युत उत्पादन गर्ने हुँदा जलविद्युत बिकास नीति, २०५८ बमोजिम निर्माण, स्वामित्वकरण,संचालन र हस्तान्तरण गरिने प्रक्रिया यस कम्पनीलाई लागु नहुने र सोही नीतिको दफा ६.५.१ मा रहेको "जलविद्युत उत्पादन आयोजना, अनुमतिपत्रमा तोकिएको म्याद समाप्त भए पश्चात् स्वतः नेपाल सरकारलाई राम्रो संचालन भएको अवस्थामा हस्तान्तरण गर्नुपर्नेछ। नेपाल सरकारले त्यसको लागि कुनै क्षतिपूर्ति दिने छैन।" व्यवस्था अनुसार जलविद्युत उत्पादन आयोजना मात्र हस्तान्तरण गर्नु पर्ने हुँदा यस कम्पनीको परियोजनाहरु सौर्य विद्युत उत्पादन गर्ने हुँदा यो व्यवस्था बमोजिम नेपाल सरकारलाई हस्तान्तरण गर्नु नपर्ने।
७. कम्पनीको विद्युत खरीद सम्झौता (PPA) तथा उत्पादन अनुमतिपत्र (Generation License) समाप्त भए पश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्नु नपर्ने हुदाँ सो समय पश्चात् नयाँ विद्युत खरीद सम्झौता (PPA) तथा उत्पादन अनुमतिपत्र (Generation License) प्राप्त गरी सोही स्थान प्रयोग गरी नयाँ सौर्य परियोजना वा अन्य परियोजना संचालन गर्न सकिने।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : कम्पनीले सौर्य पि.भि. विद्युत आयोजना ब्लक १ र सौर्य पि.भि. विद्युत आयोजना ब्लक २ निर्माण सम्पन्न गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरी आम्दानी गरिराखेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : कम्पनीद्धारा प्रवद्धित आयोजनाहरु सौर्य ऊर्जामा आधारित भएकाले कच्चा पदार्थको आवश्यक नपर्ने भएकोले कच्चा पदार्थको अभावबाट हुने जोखिम नरहेको।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : संगठित संस्थाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणले आयोजना अवधी भर पुर्वनिर्धारित मुल्यमा खरीद गर्ने सम्झौता भईसकेको हुनाले जोखिम नरहेको।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost overrun) को जोखिम** : कम्पनीद्धारा प्रवद्धित आयोजनाहरु सौर्य पि.भि. विद्युत आयोजना ब्लक १ र सौर्य पि.भि. विद्युत आयोजना ब्लक २ निर्माण सम्पन्न गरी मिति २०८०/०९/११ र मिति २०८०/०१/१८ मा निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु भइसकेकाले आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost overrun) को जोखिम नरहेको।
(ङ) **विदेशी विनिमयको जोखिम** : कम्पनीद्वारा प्रवद्धित सौर्य आयोजनाहरु मर्मतसम्भारको लागि आवश्यक पर्ने पाटपूर्जाहरु भारतिय कम्पनीहरुबाट आयात गरिने तथा प्रतितपत्र भारतिय मुद्रामा खोलिने गरिएको छ। नेपाल र भारतिय मुद्रा बिच रहेको स्थिर विनिमय दर (Pegged Exchange rate) भएकाले सो स्थिर विनिमय दर कायम रहुन्जेल विदेशी विनिमयको जोखिम नरहेको।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : कम्पनीद्वारा प्रवद्धित सौर्य आयोजनाहरुलाई आवश्यक पर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम** :
- नेपाल सरकारको सौर्य ऊर्जा सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।

(झ) **संचालन इतिहासको अभाव** : पियोर इनर्जी प्राईभेट लिमिटेड नामबाट मिति २०७५/०३/०५ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड (१९२०१८/७४/०७५) कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७९/०३/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृती पत्र अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई पियोर इनर्जी लिमिटेड (२९३६८५/७८/०७९) मा अभिलेख भई कारोबार संचालन गर्दै आएकोले संचालन इतिहासको अभाव नरहेको।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम** : कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरीद गरि जडान गरी सकेको छ। आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात् लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण बीमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्युन भएको।
(ट) **अन्य** : प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।

संगठित संस्थाबाट उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणले आयोजनाको अवधी भर पुर्वनिर्धारित मुल्यमा खरीद गर्ने सम्झौता भएकाले उत्पादन बिक्री नभएर हुने आर्थिक नोक्सानीको जोखिम नरहेको। नेपालमा उत्पादन हुने विद्युतको स्रोत मुख्य गरी जलस्रोत रहेको छ भने वैकल्पिक स्रोतबाट पनि विद्युत उत्पादन गर्ने कार्य विस्तारै बढ्दै गइरहेको छ। शौर्य ऊर्जाबाट उत्पादन हुने विद्युत नविकरणीय ऊर्जा भएकाले पर्यावरणमा नकारात्मक प्रभाव पर्दैन।

विद्युतको बजार र वातावरण मैत्री तथा प्राकृतिक प्रकोपका हिसाबले अन्य श्रोतका आयोजनाहरु भन्दा शौर्य आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। यद्यपी आयोजनाको संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिम न्यूनीकरण गर्न आयोजनाको बीमा गरिने व्यवस्था रहेको छ। संगठित संस्थाले संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनी लि.मा निम्न रकम बराबरको बीमा गरिएको छ।

बीमा कम्पनीको नाम	बीमालेखको प्रकार	विमांक रकम (रु.)	प्रिमियमको रकम (रु.)	बीमाको अवधी
श्री ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	सामान्य सम्पत्ति बीमालेख	१,०२,७२,५६,८८४.००	३३,०८,३००.८०	२०८१/०९/२१ देखि २०८२/०९/२०
श्री ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	सामान्य सम्पत्ति बीमालेख	९७,८६,२५,६६६.००	३१,५१,६८३.९७	२०८१/०९/२१ देखि २०८२/०९/२०
श्री सानिमा जिआईसी इन्स्योरेन्स लि.	सवारी साधन बीमा	२४,७०,५००.००	२३,६७६.१३	२०८१/०२/२७ देखि २०८२/०२/२५

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : स्वीकृत विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। शेयर बाँडफाँट गर्दा निम्न प्रकृयाद्वारा गरिने छ।
- क. धितोपत्र बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले धितोपत्र बाँडफाँड गरिनेछ।
- ख. बुँदा नं. क बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित धितोपत्र बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरूलाई पुनः दश कित्ताका दरले धितोपत्रको बाँडफाँट गर्नुपर्नेछ।
- ग. बुँदा नं. ख बमोजिम धितोपत्र बाँडफाँडको प्रक्रिया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गर्नु पर्नेछ।
- घ. स्वीकृत विवरण पत्र मार्फत निष्काशित धितोपत्रको बाँडफाँड गर्दा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अनुसूची-२ बमोजिमको नमूना बमोजिम गरिनेछ।
  उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरूलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरी गरिने छ।
- ङ. धितोपत्र बाँडफाँड गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नु पर्नेछ।
- च. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ।
- छ. स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामुहिक लगानी कोषका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर समेत थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ता बिच भएको प्रत्याभुत सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतकर्ताले खरीद गर्नेछ।
- ज. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा व्यवस्था भएको समयभित्र शेयर बाँडफाँड गरे पश्चात् भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** : धितोपत्र निष्काशन निर्देशिका तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा सो निर्देशिकाको दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ। उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खाता भएका शेयरधनीलाई सम्बन्धित खातामा जम्मा गरिनेछ र डिम्याट खाता नभएका शेयरधनीलाई शेयर प्रमाणपत्र वितरण गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोबार हुने व्यवस्था मिलाइनेछ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा : बाँके जिल्लाका स्थानिय बासिन्दाहरुले स्वीकृत विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्यरुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ।
२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ। स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ।
३. १६ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै, दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।
४. विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ।
५. आयोजना प्रभावित क्षेत्रमा बसाईसराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाईसराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ।
६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र।
७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।
९. धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुलुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
१२. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरीद गरेमा कर्मचारी, नेपाल सरकारको सम्बन्धित नियकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरुसमेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

(क्रमशः पृष्ठ नं. ..... बाट)

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत आयोजना अति प्रभावित तथा प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन मात्र हुनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री रुपेश कार्कीलाई फोन नं.०१-४५११६०४ मा सम्पर्क गर्न सकिनेछ।

दरखास्त फारामको नमूना

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

पियोर इनर्जी लिमिटेड

Pure Energy Limited

रजिस्टर्ड कार्यालय : काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोक, फोन नं.: ०१-५६७१२००/२०१
इमेल: info@pureenergynepal.com वेबसाइट: www.pureenergynepal.com

प्रति दरखास्त फाराम रु.२/-

आवेदकको
हालसालै खिचिएको
फोटो
(अनिवार्य)

आयोजना प्रभावित क्षेत्र बाँके जिल्लाका स्थानीय बासिन्दाहरु साधारण शेयर खरीद दरखास्त फाराम

मार्फत:
NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

कोड नं. ☐☐☐

सि.नं.

हितग्राही खाता नं.	DP ID	☐☐☐☐☐☐☐☐
	Client ID	☐☐☐☐☐☐☐☐

श्री संचालक समिति,
पियोर इनर्जी लिमिटेड
सोल्टीमोड, छिन्नलता चोक, काठमाडौं, नेपाल।

महाशय,

त्यस कम्पनीको मिति २०८१/११/०२ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अङ्कित दरको शेयर कित्ता .... खरीद गर्न इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं। त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

माग गरेको संख्या	☐☐☐☐☐	शेयर बापत जम्मा गरेको रकम	☐☐☐☐☐☐☐	मिति	२०८१/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐		

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशन अनुसार)

व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify) ☐

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.		घर नं.		गाउंपालिका/न.पा.		जिल्ला
Permanent Address	Ward No.		House No.		R. M./M.		District
सम्पर्क ठेगाना							
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.			
PAN	☐☐☐☐☐☐☐☐☐	Contact No.		नागरिकता जारी गरेको स्थान			
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा						
	In English	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐					USE CAPITAL LETTER
बाबुको नाम							
Father's Name	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐						
बाजेको नाम							
Grandfather's Name	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐						
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐						

मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो। म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं। झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

पूनश्च: आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ।

- -

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फत:
NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name	☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐				
Company's Name	Pure Energy Limited				
No. of Shares Applied	☐☐☐☐☐☐	Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	☐☐☐☐☐☐☐☐
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp

Code No. ☐☐☐

हितग्राही खाता नं.	DP ID	☐☐☐☐☐☐☐☐
	Client ID	☐☐☐☐☐☐☐☐

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।

१) बाँडफाँडमा नपरेका शेयर बापतको रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइनेछ। ३) आवेदकलाई बाँडफाँडमा नपरेको साधारण शेयर बापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारामसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ। ४) आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np